जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि




बर्ष १३ • अंक ३५९ • २०८३ असोज ३१ गते शनिवार • 17 Oct. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# जनकपुरको विकासका लागि लगानी सुरक्षा र निजी क्षेत्रको विश्वास आवश्यक : मनोज चौधरी



**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ३० असोज**

माँ जानकी यातायात प्रा.लि.का अध्यक्ष मनोज चौधरीले जनकपुरधामको समग्र विकास, आर्थिक समृद्धि र रोजगारी सिर्जनाका लागि लगानीको सुरक्षा, व्यवस्थित सहरीकरण र निजी क्षेत्रमैत्री नीतिको आवश्यकता औंल्याएका छन्।

उनले सरकारको विद्युतीय सवारीसाधन (ईभी) सम्बन्धी नीतिका कारण परम्परागत डिजेल बस व्यवसायीको लगानी जोखिममा परेको उल्लेख गर्दै व्यवसायी, श्रमिक र सर्वसाधारणको हितलाई समेट्ने गरी नीतिगत व्यवस्था गर्न माग गरेका छन् । चौधरीका अनुसार २५० किलोमिटरको दायराभित्र सञ्चालन हुने यातायात सेवामा ईभीलाई प्राथमिकता दिने नीतिले लामो समयदेखि यातायात क्षेत्रमा लगानी गर्दै आएका व्यवसायीलाई आर्थिक संकटमा पार्न सक्छ। काठमाडौं जाने डिजेल बसको भाडा १ हजार ९ सय रुपैयाँ रहेको अवस्थामा ईभीको भाडा १ हजार रुपैयाँ मात्रै हुँदा परम्परागत बस व्यवसायीलाई प्रतिस्पर्धा गर्न कठिन भइरहेको उनको भनाइ छ। सरकारले ईभी प्रवर्द्धन गर्न चाहेको अवस्थामा पुराना डिजेल बसको प्राविधिक तथा आर्थिक मूल्याङ्कन गराई उचित मूल्यमा खरिद गर्ने व्यवस्था गर्नुपर्ने उनले सुझाव दिए।

यसबाट प्राप्त रकम प्रयोग गरी पुराना व्यवसायीले समेत ईभी खरिद गरेर व्यवसायलाई निरन्तरता दिन सक्ने उनको तर्क छ। व्यवसायीको लगानी संरक्षण र नीतिगत संक्रमणको उचित व्यवस्थापन नगरिए यातायात क्षेत्रमा कार्यरत श्रमिकको रोजगारीसमेत प्रभावित हुन सक्ने उनले बताए। माग सम्बोधन नभए दीपावली र छठपछि ईभी तथा डिजेल बस व्यवसायीबीचको विवाद आन्दोलनमा परिणत हुन सक्ने चेतावनीसमेत उनले दिएका छन् । चौधरीका अनुसार संस्थामा करिब ८०० बस दर्ता रहेकामा हाल करिब ४०० बस नियमित सञ्चालनमा छन्। मेचीदेखि महाकालीसम्म यातायात सेवा विस्तार गरेको संस्थामा करिब ९६ कर्मचारी कार्यरत रहेको र सञ्चालनमा रहेका बससँग चालक, सहचालक तथा परिचालक गरी करिब २ हजार ४०० जनाको रोजगारी जोडिएको उनले बताए । यातायात व्यवसायमा देखिएको संकटले व्यवसायीलाई मात्र नभई श्रमिक तथा उनीहरूका परिवारको जीविकोपार्जनमा समेत असर पार्न सक्ने उनको भनाइ छ।

सरकारले निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्दै उपभोक्ताको हित, व्यवसायीको लगानी र श्रमिकको रोजगारीबीच सन्तुलन कायम गरेर नीति निर्माण गर्नुपर्नेमा उनले जोड दिए। ईभीको प्रवर्द्धनसँगै परम्परागत व्यवसायीलाई पनि उचित अवसर र संक्रमणकालीन व्यवस्था सुनिश्चित गर्न सके यातायात क्षेत्रलाई व्यवस्थित तथा प्रतिस्पर्धी बनाउन सकिने उनको धारणा छ। जनकपुरधामको विकासका सन्दर्भमा चौधरीले सहरलाई सफा, सुन्दर र व्यवस्थित बनाउनुका साथै फोहोर व्यवस्थापनका लागि उपयुक्त ल्यान्डफिल साइटको व्यवस्था गर्नुपर्ने बताए । धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको जनकपुरधामलाई भगवान् राम र माता सीताको विवाहस्थलका रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्दै अयोध्यासहित विभिन्न स्थानबाट पर्यटक आकर्षित गर्न सके स्थानीय अर्थतन्त्र सुदृढ हुने उनको विश्वास छ। पर्यटन प्रवर्द्धन, पूर्वाधार विकास, सरसफाइ र निजी क्षेत्रको सहभागितालाई प्राथमिकता दिएर अघि बढ्न सके जनकपुरधामको दीर्घकालीन समृद्धिमा योगदान पुग्ने उनले बताए।

साथै, अध्यक्ष चौधरीले बडादसैं, दीपावली तथा छठ पर्वका अवसरमा सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरेका छन्।




# जुन समाजमा छोरीको सम्मान छैन, त्यो समाज दरिद्र छः सभामुख यादव

**संजीत कुमार मण्डल**
**महोत्तरी, ३० असोज**



मधेश प्रदेशका समामुख रामअशिष यादवले जुन समाजमा छोरीको सम्मान छैन, त्यो समाज दरिद्र रहेको बताउनुभएको छ।

महोत्तरी जिल्लाको पिपरा गाउँपालिका वडा नम्बर ५ लाई आज बालविवाह मुक्त वडा घोषणा कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्नुहुँदै सभामुख यादवले जुन समाज, जुन प्रदेश र जुन देशमा छोरीलाई सम्मान गरिँदैन, त्यो समाज, त्यो प्रदेश र त्यो देश कहिले पनि विकास गर्न नसक्ने बताउनुभएको थियो। उहाँले अहिले हाम्रो समाजमा छोरा र छोरीबीच ठूलो विभेद भइरहेको र छोरालाई प्राथमिकता दिने प्रचलन बढ्दै गएको अवस्थामा छोरी कसैलाई नचाहिने तथा बुहारी सबैलाई चाहिने अवस्थामा छोरीलाई सम्मान र समान अवसर दिनुको विकल्प नरहेको बताउनुभयो। उहाँले त्यसैले मधेश प्रदेश सरकारले छोरीको सम्मान र समानतालाई ध्यानमा राख्दै मधेश प्रदेश सरकारको लोकसेवामा छोरा र छोरी दुवैलाई ५० प्रतिशतको अवसर प्रदान गरिएको बताउनुभयो। मधेश प्रदेश सरकारले गरेको यो व्यवस्था संघीय सरकारले समेत नगरेको समामुख यादवले बताउनुभयो।

त्यसैले छोरा र छोरीमा विभेद नगरेर दुवैलाई समान अवसर र सम्मान प्रदान गर्न सबैलाई आग्रह गर्नुभयो। सेभ द चिल्ड्रको सहयोगमा रतौली युवा क्लवले आयोजना गरेको पिपरा गाउँपालिका वडा नम्बर ५ लाई बालविवाह मुक्त वडा घोषणा कार्यक्रममा पिपरा गाउँपालिकाका अध्यक्ष रामजानकी यादव, रतौली युवा क्लवका कार्यकारी निर्देशक वैद्यनाथ चौधरी लगायतका वक्ताहरुले बालविवाह मुक्त अभियानले यस वडाका साथै समग्र पालिकाको बालबालिकाहरुले स्वास्थ्य, शिक्षा र समग्र विकासमा ठूलो टेवा पुगेको बताउनुभयो। वडा नम्बर ५ मा जम्मा ८०६ घरधुरीमा ६ हजार ८५५ जनसंख्या रहेकोमा १ हजार ५०५ बालक र १ हजार ३४९ बालिका रहेका छन्। यस वडामा विद्यालय जाने उमेरका सत प्रतिशत बालबालिकाहरु विद्यालय जाने गरेका छन् भने विगत तीन वर्षको अवधीमा बालविवाहलाई न्युनिकरण गर्दै आज बालविवाह मुक्त वडा घोषणा गर्न सफल भएको हो।

# महोत्तरीको जलेश्वरमा विशाल कलश यात्रा गर्दै बेल निमन्त्रण कार्यक्रम सम्पन्न



**संजीत कुमार मण्डल**
**महोत्तरी, ३० असोज**

दुर्गा पूजाको षष्ठी तिथिका दिन शुक्रबार महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा विशाल कलश यात्रा गर्दै बेल निमन्त्रण कार्यक्रम सम्पन्न गरिएको छ । बेल निमन्त्रण कार्यक्रमलाई मैथिली तथा मिथिला संस्कृतिमा 'बेलनेउती' कार्यक्रम भनिन्छ।

जलेश्वरको दुर्गाचौक र शंकरचौक गरी दुई स्थानमा हुने दुर्गापूजा स्थलबाट छुट्टाछुट्टै बाजा, गाजा र दुर्गा भवानीको नाचगान तथा झाँकीका साथ बेल निमन्त्रणका लागि कलश यात्रा निस्केको थियो।

यसका साथै सोही कलश शोभा यात्रामा मिथिलाको प्रख्यात झिझिया नृत्य र नटराज नृत्यको टोली पनि झिझिया र नटराज नृत्य प्रस्तुत गर्दै सहभागिता जनाएका थिए । जलेश्वरको दुर्गाचौकबाट मात्रै ५

बाकी पृष्ठ ३ मा।




# नेपाल को माटो आज

*नेपाल को माटो आज*
*आँसुले भिजेको छ*
*हिजोसम्म हाँसिरहेको गाउँ*
*आज पीडामा डुबेको छ*
*कसैको घर उजाडियो*
*कसैको सपना ढल्यो*
*कसैको आफ्नै मान्छे*
*समयको भेलसँगै हरायो*
*आमाको आँखामा आँसु छ*
*बाबुको मुटु चर्किएको छ*
*बालबालिकाका आँखामा*
*भोलिको डर पलाएको छ*
*हिजो जहाँ चुलो बल्थ्यो*
*आज त्यहाँ मौनता छ*
*जहाँ हाँसो गुञ्जिन्थ्यो*
*आज त्यहाँ पीडाको कथा छ*
*नेपाल दुःख*
*नेपाल मात्रै होइन*
*एउटा नेपालीको आँसु*
*सिंगो देशको पीडा हो*
*हे समय*
*यति कठोर नबन*
*यी पीडितका आँखामा*
*फेरि आशाको घाम उदाउन देऊ*
*ढलेका घर उठून्,*
*टुटेका मन जोडिऊन*
*हराएका मुस्कानहरू*
*फेरि गाउँभरि फर्किऊन*
*रसुवा फेरि उठनेछ*
*घाउहरू बिस्तारै निको हुनेछन*
*किनकि विपत्तिले*
*घर ढाल्न सक्छ*
*तर साहस हिम्मतलाई*
*कहिल्यै ढाल्न सक्दैन*
*गजेन्द्र दाहाल निर्मोही*

***–सिक्किम रिनोक***

# जनकपुरधामस्थित सिया मेडिकेयर प्रालिद्वारा निःशुल्क स्वास्थ्य शिविर

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० असोज**



दशैं मेलामा सहभागी हुने श्रद्धालु भक्तजनको स्वास्थ्यलाई मध्यनजर गर्दै जनकपुरधामस्थित सिया मेडिकेयर प्रालिले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

जनकपुरधाम-२ कदमचोकस्थित सिया मेडिकेयरले दशैं मेलामा आउने श्रद्धालु भक्तजनलाई लक्षित गरी आजदेखि लगातार दुईदेखि तीन दिनसम्म निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाएको हो । मेलामा सहभागी हुने भक्तजनलाई आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको सिया मेडिकेयरले जनाएको छ । दशैंका अवसरमा शक्तिपीठ तथा मन्दिरहरूमा दर्शन र पूजाआराधना गर्न आउने श्रद्धालुको भीड बढ्ने भएकाले उनीहरूको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर शिविरको व्यवस्था गरिएको हो । सिया मेडिकेयरले मेलामा सहभागी हुने सम्पूर्ण श्रद्धालु भक्तजनलाई शिविरबाट उपलब्ध हुने निःशुल्क स्वास्थ्य सेवाको लाभ लिन आग्रह गरेको छ । धार्मिक तथा सांस्कृतिक पर्वका अवसरमा श्रद्धालुको स्वास्थ्यलाई प्राथमिकता दिँदै सञ्चालन गरिएको यस पहलले मेलामा सहभागी हुने भक्तजनलाई आवश्यक स्वास्थ्य सेवा लिन सहज हुने विश्वास गरिएको छ ।

सिया मेडिकेयर प्रालि, कदमचोक, जनकपुरधाम-२ ले 'सेवा नै धर्म हो, स्वास्थ्य नै धन हो' भन्ने भावनासहित शिविर सञ्चालन गरेको जनाएको छ ।

# जनकपुरधाममा भारतीय जिलियो ब्रान्डका इलेक्ट्रिक स्कुटरको शोरुम सञ्चालन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० असोज**



विद्युतीय सवारीसाधनको प्रयोग बढ्दै गएको अवस्थामा मधेश प्रदेशको राजधानी जनकपुरधाममा भारतीय जिलियो ब्रान्डका इलेक्ट्रिक स्कुटरको शोरुम सञ्चालनमा आएको छ । जनकपुरधामस्थित मिल्स एरियामा जनकनन्दनी ट्रेडर्समार्फत जिलियो ब्रान्डका इलेक्ट्रिक स्कुटरको बिक्री सुरु गरिएको हो।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीको प्रमुख आतिथ्यमा शोरुमको उद्घाटन गरिएको हो । गो ग्रिन बिजनेस सोलुसन प्राइभेट लिमिटेडका निर्देशक राकेश गुप्ताले जनकनन्दनी ट्रेडर्समार्फत भारतीय ब्रान्डका इलेक्ट्रिक स्कुटर जनकपुरधाममा उपलब्ध गराउन थालिएको जानकारी दिए । गुप्ताका अनुसार कम्पनीले हालसम्म जिलियो ब्रान्डका पाँचवटा मोडल बजारमा ल्याइसकेको छ। ती स्कुटरको मूल्य मोडलअनुसार फरकफरक रहेको छ।

कम्पनीले प्रारम्भिक मूल्य १ लाख ६० हजार रुपैयाँदेखि माथिका विभिन्न मोडल उपलब्ध गराएको जनाएको छ। उनले केही मोडलको मूल्य २ लाख ३० हजार रुपैयाँसम्म रहेको र अन्य मोडलको मूल्य तथा विशेषताअनुसार फरक पर्न सक्ने बताए । भारतबाट आयात गरिने जिलियो ब्रान्डका इलेक्ट्रिक स्कुटरलाई नेपाली बजारमा विस्तार गर्ने उद्देश्यले शोरुम सञ्चालनमा ल्याइएको गुप्ताको भनाइ छ । कम्पनीले यसअघि नेपालका विभिन्न नौ स्थानमा शोरुम सञ्चालन गरिसकेको र जनकपुरधाममा खुलेको शोरुम दसौं शाखा भएको उनले जानकारी दिए । गुप्ताले भारतमा जिलियो ब्रान्डका स्कुटरले राम्रो बजार प्रतिक्रिया पाइरहेको दाबी गर्दै जनकपुरधाममा पनि ग्राहकको रुचि बढ्ने विश्वास व्यक्त गरे।

जनकपुरधाममा विद्युतीय सवारीसाधनप्रति आकर्षण बढिरहेको अवस्थामा स्थानीय ग्राहकलाई विभिन्न मूल्य र क्षमताका स्कुटर उपलब्ध गराउन सकिने उनले बताए। जिलियो ब्रान्डका इलेक्ट्रिक स्कुटरमा मोडलअनुसार फरक प्रकारका ब्याट्री प्रयोग गरिएको कम्पनीले जनाएको छ।




## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: पिछडेको साथी मिल्ने
मिथून: खानपानमा समस्या आउने
कर्कट: अशुभ समाचार प्राप्त हुने
सिंह: अनावश्यक चिन्ता
कन्या: अनावश्यक खर्चको संभावना
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: आम्दानी हुने
धनु: मित्रतामा फाटो आउने
मकर: मनमा पछुतो आउने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर
**k'hfcfhf**

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर
**k'hfcfhf**

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# जिल्ला प्रहरी कार्यालय महोत्तरीले भव्यताको साथ मनायो ७१औँ प्रहरी दिवस



**मो.इर्शाद**
**महोत्तरी, ३० असोज**

नेपाल प्रहरीको ७१औँ प्रहरी दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय महोत्तरीले विभिन्न कार्यक्रम आयोजना गरी दिवस मनाएको छ।
कार्यक्रममा कर्तव्यपालनका क्रममा ज्यान गुमाएका अमर प्रहरीका परिवारलाई कदरपत्र प्रदान गर्नुका साथै दोसल्ला ओढाएर सम्मान गरिएको थियो। प्रहरी संगठनलाई सामाजिक रूपमा सहयोग पुऱ्याउने विभिन्न संघसंस्था तथा बुद्धिजीवीलाई समेत सम्मान गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। त्यसैगरी, उत्कृष्ट कार्यसम्पादन गर्ने प्रहरी कर्मचारीलाई पुरस्कार वितरण गरी सम्मान गरिएको थियो।
कार्यक्रममा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, सशस्त्र प्रहरी बल नेपाल नम्बर ९ गणका गणपति, उद्योगी-व्यवसायी, पत्रकार, अमर प्रहरीका परिवारका सदस्य तथा प्रहरी कर्मचारीहरूको सहभागिता रहेको थियो।
नेपालमा प्रहरी ऐन, २०१२ लागू भएको दिनको स्मरणमा नेपाल प्रहरीले प्रत्येक वर्ष असोज मसान्तमा विभिन्न कार्यक्रम आयोजना गरी प्रहरी दिवस मनाउँदै आएको छ। प्रहरी ऐन २०१२ साल असोज ३० गते लागू भएको थियो।

# जनकपुरमा विद्युतीय स्कुटरको बजार विस्तार हुँदै

**रेविता कुमारी साह**
**जनकपुरधाम, ३० असोज**

जनकपुरधाममा विद्युतीय सवारीसाधन प्रति आकर्षण बढ्दै गएको अवस्थामा भारतीय जिलियो ब्रान्डका इलेक्ट्रिक स्कुटरको बिक्री सुरु भएको छ। जनकपुरधामको मिल्स एरिया स्थित जनकनन्दनी ट्रेडर्स मार्फत स्कुटर बिक्री सुरु भएसँगै स्थानीय उपभोक्ताले विद्युतीय सवारीसाधनको थप विकल्प पाएका छन्।
जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले आज शुक्रबार शोरुमको उद्घाटन गरेका हुन्। गो ग्रिन बिजनेस सोलुसन प्राइभेट लिमिटेडका निर्देशक राकेश गुप्ताका अनुसार शोरुममा जिलियो ब्रान्डका




पाँचवटा मोडलका इलेक्ट्रिक स्कुटर उपलब्ध छन्। मोडल अनुसार स्कुटर को मूल्य १ लाख ६० हजारदेखि २ लाख ३० हजार रुपैयाँसम्म रहेको गुप्ताले जानकारी दिए। ग्राहकले आफ्नो आवश्यकता र बजेटअनुसार लिड एसिड तथा लिथियम ब्याट्री युक्त स्कुटर छनोट गर्न सक्नेछन्। कम्पनीका अनुसार विभिन्न मोडलले एकपटक पूर्ण चार्ज गर्दा करिब ७० देखि ९० किलोमिटरसम्म दूरी तय गर्न सक्छन्। केही मोडलमा भने १२० किलोमिटरसम्मको रेन्ज दाबी गरिएको छ। यद्यपि, वास्तविक दूरी ब्याट्रीको अवस्था, सडकको प्रकृति, सवारीको गति र भार अनुसार फरक पर्न सक्छ। कम्पनीले ब्याट्री तथा मोडल अनुसार दुईदेखि तीन वर्षसम्मको वारेन्टी उपलब्ध गराउने जनाएको छ। स्कुटर खरिद गर्नुअघि ग्राहकले ब्याट्रीको क्षमता, चार्जिङ समय, वारेन्टीका सर्त तथा बिक्री पछिको सेवाबारे जानकारी लिन सक्नेछन्। निर्देशक गुप्ताका अनुसार कम्पनीले नेपालका विभिन्न नौ स्थानमा शोरुम सञ्चालन गरिसकेको छ। जनकपुरधाम स्थित शोरुम कम्पनीको दसौँ शाखा हो। भारतीय बजारमा जिलियो ब्रान्डका स्कुटरले राम्रो प्रतिक्रिया पाइरहेको दाबी गर्दै उनले जनकपुरधाममा पनि ग्राहकको आकर्षण बढ्ने विश्वास व्यक्त गरे।शोरुम उद्घाटन गर्दै उद्योग वाणिज्य संघका अध्यक्ष भण्डारीले नयाँ व्यवसायको विस्तारले स्थानीय व्यापारिक गतिविधि बढाउन सहयोग पुग्ने बताए। नयाँ ब्रान्ड बजारमा प्रवेश गर्दा उपभोक्ताले विभिन्न विकल्प मध्ये आफ्नो आवश्यकताअनुसार सवारीसाधन छनोट गर्न पाउने उनको भनाइ थियो।
विद्युतीय सवारीसाधनको प्रयोगले पेट्रोलियम पदार्थमा हुने खर्च घटाउन सहयोग पुग्ने उल्लेख गर्दै भण्डारीले यसको बजार विस्तारका लागि गुणस्तरीय उत्पादन, भरपर्दो बिक्रीपछिको सेवा र स्पेयर पार्ट्सको सहज उपलब्धता आवश्यक रहेको बताए। जनकपुरधाममा विद्युतीय स्कुटरको बजार विस्तारसँगै उपभोक्ताका लागि मूल्य, ब्याट्रीको आयु, चार्जिङ खर्च र मर्मत सम्भार को तुलना गरेर सवारीसाधन छनोट गर्ने अवसर बढेको छ। बजारमा विद्युतीय सवारीको प्रयोग बढाउन प्रतिस्पर्धी मूल्यसँगै गुणस्तर र भरपर्दो सेवामा ध्यान दिनुपर्ने देखिन्छ।

# कार दुर्घटना हुँदा चालकको मृत्यु २ जना घाइते

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, ३० असोज**

सर्लाहीमा भारतीय नम्बर प्लेटको कार दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने कारमा सवार अन्य दुई जना घाइते भएका छन् ।
जिल्लाको पर्सा गाउँपालिका-२ स्थित बाँके पुलमा शुक्रबार दिउँसो भएको दुर्घटनामा महोत्तरीको गौशाला नगरपालिका-५ निवासी २४



वर्षीय चालक विकल साहको मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रविन्द्रनाथ पौडेलका अनुसार महोत्तरीबाट सदरमुकाम मलंगवातर्फ जाँदै गरेको बीआर ०६ बीए एक्स ०४३५ नम्बरको भारतीय कार अनियन्त्रित भएर दुर्घटनामा परेको थियो । दुर्घटनामा गौशाला नगरपालिका-४ निवासी शम्भुनाथ कुमार साह र शुभम कुमार शर्मा घाइते भएका छन् । उनीहरू दुवैको अवस्था सामान्य रहेको र उपचार भइरहेको प्रहरीले जनाएको छ ।
दुर्घटना कसरी भयो भन्नेबारे यकिन कारण खुल्न सकेको छैन । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

## *महोत्तरीको जलेश्वरमा विशाल कलश......*

हजार १०० कुमारी कन्याले हातहातमा घैंटा बोकी कलश शोभा यात्रामा सहभागी भएको दुर्गापूजा समितिका अध्यक्ष शिवचन्द्र चौधरीले बताउनुभयो । त्यस्तै शिव तथा दुर्गापूजा समिति शंकरचौकबाट पनि ७ हजार १२५ कुमारी कन्याहरुले कलश शोभा यात्रा तथा बेल निमन्त्रणा कार्यक्रममा सहभागिता जनाएको पूजा समितिका अध्यक्ष जीतेन्द्र साहले बताउनुभयो। दुर्गाचौकबाट निस्केको कलश यात्राले साहुजीपट्टी, शंकरचौक, अस्पतालचौक, जिरोमाईलचौक, बुद्धिजीविचौक हुँदै खानेपानीको कार्यालयमा रहेको बेलको रुखमा गएर बेल निमन्त्रणा कार्यक्रम सम्पन्न गरेको छ । त्यस्तै शंकरचौकबाट निस्केको कलश यात्राले मिनाबजार, दुर्गाचौक, अस्पतालचौक हुँदै विद्युत प्राधिकरणको प्राङ्गनमा रहेको बेलको रुखका गएर बेलपूजा गर्दै बेल निमन्त्रणा सम्पन्न गरेको छ । बेलको रुखमा पूजारीले एउटा बेललाई विशेष पूजा गरी शनिवार एका बिहानै तोडेर लैजाने गरी माता दुर्गा भवानीलाई पूजा ग्रहण गर्न आउन भनी कपडाले छोपेर रुखमै लागेको बेललाई निमन्त्रणा दिइन्छ। र सोही अनुसार पूजारीले एका बिहानै बेल लगेर सबभन्दा पहिले देवीको प्रतिमालाई बेल देखाउँदै उनको आँखा उघार्ने गर्दछ। त्यसपछि देवी दुर्गाको पूजा आजा र बली प्रदान कार्यक्रम विधिवत शुरु हुन्छ। बेलको रुखमा माता दुर्गाको बास भएको भन्दै बेल निमन्त्रणा कार्यक्रममा उनलाई पूजा स्वीकार गर्न माटोले बनाएको प्रतिमा स्थलमा आउन भनी निमन्त्रणा दिने प्रचलन रहेको पंडित ललित झाले बताउनुहुन्छ।









# क्लिकको जाल, डिजिटल जोखिम

-सामाजिक सञ्जाल, डिजिटल भुक्तानी र अनलाइन कारोबारको बढ्दो प्रयोगसँगै फिसिङ, सोसल इन्जिनियरिङ, नक्कली विज्ञापन र एआई-निर्मित छलकपटको जोखिम पनि बढेको छ। शंकास्पद लिंक नखोल्ने, ओटीपी तथा पासवर्ड गोप्य राख्ने, कारोबार र सन्देशको पुष्टि गर्ने तथा हरेक खातामा बलियो सुरक्षा अपनाउने बानी आवश्यक छ। डिजिटल सुरक्षा व्यक्तिगत सावधानीमा मात्र सीमित नभई परिवार, विद्यालय, वित्तीय संस्था, प्रविधि कम्पनी र राज्यको साझा जिम्मेवारीबाट निर्माण हुन्छ।

रातको ११ बजिसकेको हुन्छ। भोलि बिहान चाँडै उठ्नुपर्छ भन्ने थाहा छ, तैपनि मोबाइल छाड्नै मन लाग्दैन। फेसबुक रिल्समा एकपछि अर्को गर्दै कति भिडियो हेरियो, पत्तै छैन। टिकटकमा केही मिनेट बिताउने सोचले मोबाइल खोलेको मान्छे, एक घण्टापछि पनि स्क्रिनमै औंला घिसारिरहेको छ। त्यत्तिकैमा मेसेज आउँछ, 'तपाईंको फेसबुक खाता बन्द गरिँदै छ। सुरक्षित राख्न आफ्नो पहिचान पुष्टि गर्नुहोस्।' खाता गुम्ने डरले उसले हतार हतार लिंक खोल्छ र लगइन गर्न खोज्छ। सही इमेल र पासवर्ड हाल्दा पनि लगइन हुँदैन। केही समयपछि उसको फेसबुकबाट पैसा मागेको सन्देश साथीहरूको इनबक्समा जान थाल्छ। उसको फेसबुक खाता ह्याकरको नियन्त्रणमा गइसकेको हुन्छ। यही हो फिसिङको खेल। फिसिङ अर्थात् वास्तविक जस्तै देखिने वेबसाइट बनाउने र त्यही माध्यमबाट गोप्य जानकारी चोर्ने प्रयास गर्ने। माथि दिइएको उदाहरण काल्पनिक हो, तर यस पछाडिको जोखिम वास्तविक छ। मनन गर्नुपर्ने र आफैंलाई झकझक्याउनुपर्ने कुरा के हो भने, हामी डिजिटल संसारमा जति सहज भएका छौं, त्यति नै सजग पनि छौं त? आज सामाजिक सञ्जाल मनोरञ्जनको मात्र साधन रहेन। यो सामाजिक सम्बन्ध कायम राख्ने, देश-विदेशका समाचार पढ्ने, व्यापार गर्ने, रोजगारी खोज्ने र समाजमा आफ्नो पहिचान प्रस्तुत गर्ने प्रमुख माध्यम पनि बनेको छ। बिहान उठ्नासाथ फेसबुक, युट्युब, टिकटक स्क्रोल गर्ने अनि राति रिल्स हेर्दै निदाउने आममानिसको दिनचर्या बनिसक्यो। दुई मिनेट मात्र हेर्छु भनेर मोबाइल खोलेको व्यक्ति स्क्रिनमा घण्टौं बिताएको पत्तै पाउँदैन।

स्क्रिनमा अत्यधिक समय बिताउनु आफैंमा साइबर अपराधको कारण होइन, तर अनलाइन गतिविधिमा अत्यधिक व्यस्त हुँदा वा पर्याप्त सतर्कता नअपनाउँदा हामी ठगी र डिजिटल छलकपटको सिकार हुने जोखिम बढ्न सक्छ। हामीले सामाजिक सञ्जाल चलाउन त सिक्यौं। अब यसलाई कति समय र कस्तो सावधानीका साथ प्रयोग गर्ने भन्ने सिक्नु र सिकाउनु जरुरी छ। नक्कली साथी, वास्तविक ठगीको जोखिमः माथिको उदाहरण फेरि कल्पना गर्नुहोस्। फेसबुक मेसेन्जरमा साथीको सन्देश आउँछ, 'यार, अलिकति समस्या पर्‍यो।

यो क्यूआरमा १० हजार रुपैयाँ पठाइदेऊ न। भोलि बिहानै फिर्ता गर्छु।' विश्वासिलो साथीले पैसा माग्दा धेरैले दायाँ-बायाँ नसोची सजिलै पैसा पठाइदिन्छन्। पछि थाहा हुन्छ, पैसा माग्ने व्यक्ति साथी नै होइन र त्यो क्यूआर पनि साथीको होइन रहेछ। यो मानवीय विश्वास र सहकार्यको भावना दुरुपयोग हो। यसैलाई साइबरको भाषामा 'सोसल इन्जिनियरिङ अट्याक' भनिन्छ। पैसा पठाउनुअघि साथीको फोन नम्बरमा सम्पर्क गरेर वा अन्य कुनै तरिकाले पुष्टि गर्नुहोस्। हतार गरेर चाँडै पैसा पठाउन भनिएको छ भने त झन् बढी सावधान हुनुहोस्। अनलाइन किनमेलको सन्दर्भमा पनि फेसबुक, टिकटकजस्ता माध्यममा बजार मूल्यभन्दा निकै सस्तो मोबाइल वा अन्य सामानको विज्ञापन देखिन्छ। हेर्दा आकर्षक तस्बिर, सकारात्मक प्रतिक्रिया र पेजमा धेरै फलोअर पनि हुन्छन्। 'आज मात्रै छुट' जस्ता भाषा प्रयोग गरेर ग्राहकलाई अग्रिम भुक्तानी गर्न लगाइन्छ। पैसा पाएपछि भने विक्रेता सम्पर्कविहीन हुन्छ। यहाँ अग्रिम भुक्तानी माग्ने हरेक व्यवसाय ठगी नै हो भन्न खोजिएको होइन। तर धेरै फलोअर र लाइकलाई नै विश्वसनीयताको प्रमाण मान्नु ग्राहकको कमजोरी हो। यस्तो अवस्थामा व्यवसायको पहिचान र वास्तविक सम्पर्क विवरणको जाँच एवं पुष्टि गर्नुपर्छ। अस्वाभाविक सस्तो वा पत्याउनै गाह्रो पर्ने छुट देखेर हतार नगर्नुहोस्। यस्तै, हरेक अनलाइन कारोबारका प्रमाण सुरक्षित राख्ने बानी बसाल्नु उचित हुन्छ।

वास्तविक बैंक कर्मचारीले कहिल्यै ओटीपी माग्दैनन्ः आजको समयमा दैनिक आर्थिक कारोबारको ठूलो हिस्सा डिजिटल भुक्तानीले लिएको छ। यसले दैनिक जीवनलाई पनि पक्कै सहज बनाएको छ। मोबाइल फोनको एउटा टचबाट साना-ठूला सबै आर्थिक लेनदेनमा ल्याएको सहजता गजब छ। तर यससँगै देखिएका सुरक्षा चुनौतीलाई बेवास्ता गर्ने भूल गर्नु हुँदैन। गोप्य जानकारी भनेको तपाईंको खाताको साँचो हो। यो जानकारी कसैलाई दिनु भनेको आफ्नो बैंक खाताको नियन्त्रण सोझै अरूको हातमा सुम्पनु हो। कसैले त्यस्तो माग गर्छ भने तुरुन्तै फोन काटेर बैंकको आधिकारिक नम्बरमा आफैंले फोन गरी जानकारी गराउनु उचित हुन्छ।कसैले फोन गरेर आफूलाई बैंक वा डिजिटल वालेटको कर्मचारी भन्दै पिन वा ओटीपी (वान टाइम पासवर्ड) वा पासवर्ड मागेमा कतिपय व्यक्तिले रत्तिभर नसोची आफ्नो गोप्य जानकारी दिन सक्छन्। बैंककै कर्मचारीलाई दिएको त हो नि भनेर गरिने यस्तो गल्तीको परिणाम ठूलो आर्थिक क्षति पनि हुन सक्छ। तर यथार्थमा, वास्तविक बैंक वा वित्तीय संस्थाका कर्मचारीले तपाईंसँग कहिल्यै पनि ओटीपीजस्ता गोप्य जानकारी माग्दैनन्। गोप्य जानकारी भनेको तपाईंको खाताको साँचो हो। यो जानकारी कसैलाई दिनु भनेको आफ्नो बैंक खाताको नियन्त्रण सोझै अरूको हातमा सुम्पनु हो। कसैले त्यस्तो माग गर्छ भने तुरुन्तै फोन काटेर बैंकको आधिकारिक नम्बरमा आफैंले फोन गरी जानकारी गराउनु उचित हुन्छ। एआई र नक्कली वास्तविकताः अहिले एआई (कृत्रिम बुद्धिमत्ता) ले गर्दा फोटो, भिडियो र



आवाज बनाउन एकदमै सजिलो भएको छ। पढाइ, काम र व्यापारमा यसले धेरै सहयोग त पुर्‍याएको छ, तर यही प्रविधि प्रयोग गरेर हुबहु सक्कलीजस्तै देखिने नक्कली कुरा बनाएर मान्छे झुक्याउने खेल पनि सुरु भइसकेको छ।

सोच्नुस् त, विदेशमा भएको छोराकै दुरुस्तै आवाजमा घरमा फोन आउँछ, 'म समस्यामा परें, तुरुन्तै पैसा पठाइदिनू।' छोराकै आवाज सुनेपछि परिवार अत्तालिन्छ र तत्कालै पैसा पठाइदिन्छ। तर आवाज उस्तै सुनिएकै भरमा फोन गर्ने मान्छे उही हो भन्न सकिन्न। यस्तो मेसेज वा फोन आउँदा आत्तिनुभन्दा पहिले आफ्नो मान्छेको पुरानो नम्बरमा कल गरेर कुरा बुझ्नुपर्छ। परिवारमा यस्ता आपत्कालीन अवस्थाका लागि अगाडि नै कुनै गोप्य प्रश्न वा संकेत तय गरिराख्नु झन् उत्तम हुन्छ। यस्तै, भिडियोमा कसैको अनुहार देखिँदैमा त्यसलाई पक्कै साँचो हो भन्न मिल्दैन। भिडियो सम्पादन गरिएको वा एआईले नै बनाएको डिपफेक हुन सक्छ। यसको अर्थ अनलाइनमा देखिने सबै कुरा नक्कली हुन् भन्ने होइन। कुरा यति मात्र हो, अब आँखाले देखेकै र कानले सुनेकै भरमा पत्याइहाल्ने दिन रहेनन्। हामीले खुला राखेका डिजिटल ढोकाः धेरै मानिस साइबर सुरक्षाको कुरा गर्दा जटिल ह्याकिङ र ठूलो प्रविधिको कल्पना गर्छन्। तर व्यक्तिगतस्तरमा जोखिम हाम्रै सामान्य बानीबाट पनि सुरु हुन्छ। फेसबुक, इमेल र अन्य खातामा एउटै पासवर्ड प्रयोग गर्नु, दुई-तह प्रमाणीकरण (टु-फ्याक्टर अथिन्टिकेसन) सक्रिय नगर्नु, अपरिचित एपलाई अनावश्यक अनुमति दिनु र शंकास्पद लिंक खोल्नु हाम्रा कमजोरी हुन्। विशेषगरी इमेलको सुरक्षा महत्त्वपूर्ण छ। इमेलमार्फत अन्य खाताको पासवर्ड रिसेट गर्न सकिने भएकाले त्यसमा पहुँच गुम्दा अन्य डिजिटल खातासमेत जोखिममा पर्न सक्छन्। हरेक खातामा फरक र बलियो पासवर्ड प्रयोग गर्नुहोस्।

सम्भव भए पासवर्ड व्यवस्थापक प्रयोग गर्नुहोस्। दुई-तह प्रमाणीकरण सक्रिय गर्नुहोस्। मोबाइल र एप अद्यावधिक राख्नुहोस्। एप डाउनलोड गर्दा आधिकारिक स्रोत, विकासकर्ता र आवश्यक अनुमतिहरू जाँच्नुहोस्। फोटो सम्पादन गर्ने एपलाई तपाईंका सन्देश वा सम्पर्क सूची किन चाहिएको छ भन्ने प्रश्न गर्ने बानी बसाल्नुहोस्। जन्ममिति, घरको ठेगाना, फोन नम्बर र यात्राको विस्तृत योजना सार्वजनिक गर्दा पनि सावधानी अपनाउनुहोस्। व्यक्तिगत जानकारीका टुक्रा जोडेर कसैले तपाईंलाई झुक्याउने प्रयास गर्न सक्छ। सुरक्षित रहन प्रविधिसँग डराउनु पर्दैन। त्यसलाई आवश्यकताअनुसार र सोचविचार गरेर प्रयोग गर्न सिक्नुपर्छ। साइबर सुरक्षा साझा जिम्मेवारीः नेपालमा साइबर सुरक्षा सुधार गर्न प्रहरी, नियामक निकाय, बैंक, डिजिटल वालेट, सामाजिक सञ्जाल कम्पनी, विद्यालय र निजी क्षेत्र सबैको भूमिका छ।

वित्तीय संस्थाले शंकास्पद कारोबार पत्ता लगाउने र ग्राहकलाई सचेत गराउने प्रणाली बलियो बनाउनुपर्छ। सामाजिक सञ्जाल कम्पनीले नक्कली खाता, ठगीका विज्ञापन र दुरुपयोगसम्बन्धी उजुरीमा प्रभावकारी प्रतिक्रिया दिनुपर्छ।

साभार : कान्तिपुर।










प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday